" समतामूलक, समृद्ध पर्यटकीय नगरीः
पहिचान सहितको हाम्रो घोडाघोडी "

# घोडाघोडी नगरपालिकाको नगरसभाको
## २१ औ अधिवेशनको दोस्रो वैठकमा
## बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक  एंव नगर उपप्रमुख श्री गुलिया कुमारी चौधरीद्वारा प्रस्तुत
## आ.व. २०८२-०८३ को बजेट वक्तव्य

मितिः २०८२ असार १०

# आ.व. २०८२-०८३ को बजेट वक्तव्य

घोडाघोडी नगरपालिका नगरसभाका अध्यक्ष ज्यू , नगरपालिकाको यस गरीमामय नगरसभामा आर्थिक वर्ष २०८२-०८३ को बजेट प्रस्तुत गर्न पाउदा गर्वको अनुभूती गरेको छु ।

यस अवसरमा राष्ट्र हित,लोकतन्त्र र अग्रगामि परिवर्तनका साथ साथै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि नेपाली जन्ताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन,सशस्त्र सघर्ष,त्याग र बलिदानको गौरवमयपूर्ण इतिहासलाई स्मरण गर्दै यस समयमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको स्वतन्त्रता,सार्वभौमिकता,भौगोलीक अखण्डता तथा राष्ट्रिय एकताको सम्मान गर्दै संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाको मुल मर्म लाई आत्मसाथ हुने गरी नगरपालिकाको दिगो शान्ती,सुशासन,सामाजिक न्याय, दिगो एंव भरपर्दो समतामुलक विकास,दिगो आर्थिक विकास,आर्थिक सामाजिक रुपान्तरण र समृद्धीका लागि नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम **समतामुलक समृद्ध पर्यटकीय नगरी पहिचान सहितको हाम्रो घोडाघोडी** निर्माणमा टेवा पूर्याउन यस सम्मानित सभाको पहिलो बैठकबाट पारित भएको **नीति तथा कार्यक्रम** अनुरुप योजना तथा बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

**सभाध्यक्ष महोदय,**

अब म यस गरिमामय सभा समक्ष बार्षिक योजना तथा बजेट तर्जमाका चुनौती,अवसर,उदेश्य र प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्न चाहन्छु ।

**प्रमुख चुनौतीहरुः**

क) नगरपालिकाको आन्तरीक आय न्यून हुनु र संघीय र प्रदेश सरकारले प्रदान गरेको अनुदानमा परनिर्भर रहनु ।

ख) भौगोलिक क्षेत्र अनुसार समानुपातिक विकासलाई जोड दिदै जनअपेक्षा र बजेटको स्रोत विच तादम्यता मिलाउनु ।

ग) सहकार्य र समन्वयको अभावका कारण स्रोत साधनको प्रभावकारी परिचालन हुन नसक्नु।

घ) प्राकृतिक तथा मानविय विपदका कारण विकासका क्रियाकलापमा हुने अवरोध ।

ङ) राजनीतिक तथा सामाजिक दबावले योजना तथा कार्यक्रम प्राथमिकिकरणमा असहजता ।

**प्रमुख सम्भावनाहरुः**

क) अधिकार क्षेत्र भित्र रहेका कर तथा करका दायराहरुलाई समयानुकुल विस्तार गर्नुका साथै करको दायरामा नआएका क्षेत्रहरु पहिचान र दायरा विस्तार ।

ख) विश्वमान चित्रमा परिचित ऐतिहासिक,धार्मिक एंव पर्यटकीय स्थल घोडाघोडी सिमसार क्षेत्रको विकास र विस्तार मार्फत आन्तरिक एंव वाह्य पर्यटकहरुमा वढोत्तरी ।

ग) कृषि तथा पशुजन्य उत्पादन तथा उत्पादकत्व बृद्धी भई खाध्यान्नमा आत्मनिर्भर,दिगो खाध्य सुरक्षा,रैथाने बालीको प्रवर्धन,पकेट क्षेत्र विस्तार ।

घ) स्थानीय सिप, दक्षता, विज्ञताको उपयोग गरि उद्यमीको क्षमता विकास गर्दै स्थानीय उत्पादनमा वढोत्तरी,व्यवसायीकरण र बजारीकरण मार्फत जिविकोपार्जनमा सहयोग ।

ङ) उच्च शिक्षाको अवसर,दक्ष जनशक्तीको विकास ।

च) श्रमको सम्मान नागरिकको पहिचान,सुरक्षित मर्यादित रोजगारी, श्रम शक्तीको पुर्ण उपयोग हुने गरि रोजगारी सृजना ।

**बजेटका उदेश्यहरुः**

क) स्थानीय शासन लाई दिगो,भरपर्दो र विश्वश्निय वनाउने ।

ख) आत्मनिर्भर र समृद्ध नगरपालिका निर्माण गर्ने ।

ग) सामाजिक सांस्कृतिक रुपान्तरण गर्ने ।

घ) दिगो,भरपर्दो, जोखिममुक्त र वातावरणमैत्री पूर्वाधारयुक्त नगरपालिका निर्माण गर्ने ।

ङ) दिगो शान्ति,सुशासन,विकास र समृद्धिको लक्ष्य हासिल गर्ने ।

**बजेटका प्राथमिकताहरुः**

क) Green and Clean सडक, पक्कि पुल, प्राकृतिक सिंचाई, झलमल्ल विद्युत, बाल बालिका तथा अपांगमैत्री भौतिक संरचना, Town planning मा आधारित भूकम्प प्रतिरोधी भवन, सूचना तथा संचारमा सबैको संगै पहुच अभीबृद्धी ।

ख) गुणस्तरीय शिक्षा, सर्वशुलभ स्वास्थ्य, पोषणयुक्त आहारा ,उच्च स्तरीय स्वच्छ खानेपानी तथा सरसफाई, लैंगिक समानता सामाजिक समावेशिकरणको अनुभव र सामाजिक सुरक्षाको प्रत्याभुती।

ग) कृषि, उद्योग,पशु,पर्यटन,सहकारी मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धी गरि रोजगारी सृजना गर्दै गरिवी न्यूनिकरण ।

घ) जल, जमिन र जंगलको सदुपयोग, प्राकृतिक स्रोत साधनहरुको संरक्षण र संवर्धन, विपद जोखिम न्यूनिकरण र जलवायु अनुकुलन वातावरण निर्माण ।

ङ) वालवालिका तथा युवा मैत्री, अपांगमैत्री, महिलामैत्री, जेष्ठनागरिकमैत्रीका साथै प्रकृती एंव वातावरण मैत्री नगरपालिका निर्माण ।

च) मुस्कान सहितको सेवा,सार्वजनिक सेवा प्रवाहमा दक्षता,कार्यकुशलता र प्रभावकारीता , सहभागितामुलक शासन , डिजिटल प्रविधिमैत्री शासन , स्रोत साधनको प्रभावकारी परिचालन, संस्थागत सुधारका साथै सुशासन कायम ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आ.व. २०८१-०८२ को राजस्व र व्ययको संशोधित अनुमान प्रस्तुत गर्न चाहन्छु ।

| | | | | | |
|---|---|---|---|---|---|
| संघीय | समानीकरण अनुदान | तर्फ | १८ करोड ३० लाख | प्राप्त हुने सुरु अनुमान भएकोमा | हाल सम्म १६ करोड ७९ लाख २० हजार ८ सय प्राप्त भई ६ करोड ३० लाख ७१ हजार १७७ खर्च भएको छ। |
| संघीय | समपुरक अनुदान | तर्फ | १ करोड ५० लाख | प्राप्त हुने सुरु अनुमान भएकोमा | ९० लाख प्राप्त भई भुक्तानी प्रकृयामा रहेको। |
| संघीय | विशेष अनुदान | तर्फ | ३ करोड ३५ लाख | प्राप्त हुने सुरु अनुमान भएकोमा | ७१ लाख ६२ हजार प्राप्त भई ३८ लाख खर्च भएको छ। |
| संघीय | शशर्त अनुदान | तर्फ | ३९ करोड ३६ लाख | प्राप्त हुने सुरु अनुमान भएकोमा | ३९ करोड ३६ लाख प्राप्त भई ३१ करोड ५३ लाख खर्च भएको छ। |
| संघीय | राजस्व बाँडफाँड | तर्फ | १७ करोड ९५ लाख | प्राप्त हुने सुरु अनुमान भएकोमा | १४ करोड ६१ हजार ४८५ प्राप्त भई १३ करोड ११ लाख ४८ हजार ४३२ खर्च भएको छ। |
| प्रदेश | समानीकरण अनुदान | तर्फ | १ करोड ७५ लाख ५८ हजार | प्राप्त हुने सुरु अनुमान भएकोमा | १ करोड ७५ लाख ५८ हजार प्राप्त भई १ करोड १२ लाख ३ हजार ६७० खर्च भएको छ। |
| प्रदेश | समपुरक अनुदान | तर्फ | १ करोड ५० लाख | प्राप्त हुने सुरु अनुमान भएकोमा | ९० लाख ७४ हजार ६८२ प्राप्त भई सवै खर्च भएको छ। |
| प्रदेश | विशेष अनुदान | तर्फ | ५५ लाख | प्राप्त हुने सुरु अनुमान भएकोमा | कार्यान्वयन नभई प्राप्त नभएको |
| प्रदेश | शशर्त अनुदान | तर्फ | ७७लाख ५५ हजार | प्राप्त हुने सुरु अनुमान भएकोमा | २६ लाख ९३ हजार प्राप्त भई पुरै खर्च भएको छ। |
| प्रदेश | राजस्व बाँडफाँड | तर्फ | ६६ लाख ७४ हजार | प्राप्त हुने सुरु अनुमान भएकोमा | ५२ लाख ४६ हजार ८८० प्राप्त भई ३१ लाख ८१ हजार १२५ खर्च भएको छ। |
| नगरपालिका | आन्तरीक स्रोत | तर्फ | १२ करोड | प्राप्त हुने सुरु अनुमान भएकोमा | गत वर्षको मौज्दात सहित ६ करोड ६५ लाख २८ हजार ६४८ संकलन भई पुरै खर्च भएको छ। |
| कुल अनुमानित आय | | तर्फ | ९७ करोड ४४ लाख ८७ हजार | प्राप्त हुने सुरु अनुमान भएकोमा | ८० करोड ९७ लाख २३ हजार ५०१ प्राप्त भई ६० करोड ६० लाख४४ हजार ३६८ रुपैया खर्च भएको छ। |

कुल विनियोजित बजेट मध्ये चालु तर्फ बिनियोजन भएको बजेट बाट ७७.८२ %खर्च भएको छ। भने पुजिगत तर्फ विनियोजन भएको बजेट वाट ३४.५१ % खर्च भई कुल **६१.९६ % %** खर्च भएकोमा आर्थिक वर्षको अन्त सम्ममा ९० % खर्च हुने अनुमान गरिएको छ। त्यसै गरि सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम तर्फ सामाजिक सुरक्षा भत्ता रदिर्घ रोगिलाई प्रदान गरिने रु ५ हजारका दरले तेस्रो त्रैमासिक सम्ममा भुक्तानी भैसकेको छ ।भने चौथो त्रैमासिक भूक्तानी प्रकृयामा रहेको छ।

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक बर्ष २०८२-८३ को राजस्व र व्ययको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।२०८२-०८३ मा प्राप्त हुने अनुमानित आय वाट खर्च हुने गरि योजना तथा कार्यक्रममा बजेट बिनियोजन गरेकी छु ।**

- घोडाघोडी नगरपालिकाको नगर रिङ् रोड निर्माणका लागि रु. ३ करोड ३५ लाख विनियोजन गरेकी छु ।
- वडा न. १ मा नगर स्तरीय रङ्गशाला निर्माणका लागि रु. २ करोड २७ लाख ५० हजार विनियोजन गरेकी छु।
- वडा न ९ र १० जोडने थेवै झिरोखा शिखरझाला जाने बाटो कालोपत्रे गर्न रु १ करोड ७० लाख बिनियोजन गरेकी छु ।
- सिमथरी माघि होमस्टे हुदै गैडाखेडा जाने बाटो कालोपत्रेका लागि रु. १ करोड ७० लाख बिनियोजन गरेकी छु।
- देउकलिया देखि ५ न. वडा कार्यालय हुदै सरैया जाने वाटो कालोपत्रे गर्न रु २ करोड ७० लाख बिनियोजन गरेकी छु ।
- घोडाघोडी वहुमुखी क्याम्पसको शैक्षिक भवन निर्माणका लागि २ करोड ५ लाख विनियोजन गरेकी छु ।
- वडा न. ५,९ र १२ मा खानेपानी आयोजना विस्तारका लागि रु. ६९ लाख विनियोजन गरेकी छु ।
- वडा न. ८ राष्ट्रिय मावि तारानगरमा फर्नीचर,शैक्षीक सामग्री,कम्प्युटर,डिजिटल बोर्ड,प्रयोगशाला,शौचालय र खानेपानी व्यवस्थापनका लागि रु. २५ लाख विनियोजन गरेकी छु ।
- विपन्न तथा सिमान्तकृत समुदायका लागि नमुना तथा एकिकृत आवास कार्यक्रमका लागि रु. २५ लाख विनियोजन गरेकी छु ।
- मातृ शिशु तथा वालवालिकाका लागि पोषण सुधार कार्यक्रमका लागि २५ लाख विनियोजन गरेकी छु ।
- वडा न. ७ किर्तिपुर मा रहेको वुटका बाबा मन्दिरमा घेरवार निर्माण, वडा न. ११ जवलपुरमा मन्दिर निर्माण, वडा न. १ मा रहेको घोडाघोडी शिव मन्दिर निर्माण, वडा न. ८ डुडापारिमा थारु समुदायको मरुवा निर्माण, वडा न. १० रानिझिरोखामा रहेको शिवपुरी धाम शिव मन्दिरको अधुरो मन्दिर निर्माण तथा मर्मत र वडा न. ८ वाल ज्योति स्कुल पूर्व भल्का तटवन्धनका लागि रु ६० लाख विनियोजन गरेकी छु ।
- वडा न. ३ को नारायणपुर गाउ देखि वडा कार्यालय जोडने सडक निर्माण, राम बहादुर चौधरीको घर देखि वडा न. ५ को सिमा सम्मको सडक स्तरउन्नतीका लागि रु ५० लाख बिनियोजन गरेकी छु ।
- संघीय सरकारको साझेदारीमा पालिका भित्रका विद्यालय भवन निर्माणका लागि रु १ करोड १० लाख विनियोजन गरेकी छु ।

---

- संघीय सरकार शशर्त तर्फ शिक्षा,स्वास्थ्य,लघुउद्यम,कृषि,पशु,रोजगार सम्वन्धी सालवसाली योजनाहरु कार्यान्वयन गर्नका लागि रु. ३७ करोड ४३ लाखको प्रवन्ध मिलाएकी छु ।
- नगरपालिकाको आर्थिक विकास अन्तर्गत ५० % लागत साझेदीमा धानको विउ वितरणका लागि रु १० लाख, क्षेत्रफलका आधारमा थारु आलु,मुङ,बशन्ते मकै उत्पादन प्रोत्साहन अनुदानका लागि रु ८ लाख विनियोजन गरेकी छु ।

- क्षेत्रफलका आधारमा चैते धान उत्पादन प्रोत्साहन अनुदान, खाद्यान्न बालीको विज बृध्दि कार्यक्रम, मौरी प्रवर्धन कार्यक्रम, ५० प्रतिशत लागत साझेदारी फलफुल विरुवा वितरणका लागि रु २० लाख विनियोजन गरेकी छु।
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धी गर्न गड्यौली मल उत्पादन,माटो परीक्षण,आकस्मिक वालि संरक्षण,जैविक विषादी प्रयोग,च्याउ खेती प्रवर्धन, तरकारीको विउ वितरण,पोलि हाउस निर्माण,ढैचा तथा मुङको विउ वितरण,फलफुल वगैचा सुधार,मागमा आधारित कार्यक्रम,मसला खेति प्रवर्धन,तरकारीको विउ वितरण वितरणका लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु।
- कृषकको क्षमता विकासका लागि कृषि तथा पशुपन्छि विमा अभिमुखिकरण, तालिम, प्रविधी प्रचार प्रसार, प्रविधी प्रदर्शन, कृषि तथ्यांक संकलन, सरोकारवाला निकाय संग अन्तर्कृया तथा गोष्ठी,प्लान्ट क्लिनिकल शिविर सञ्चालन तथा दिवस मनाउनका लागि आवश्यक बजेट व्यवस्थापन गरेकी छु।

---

- पशु विकास कार्यक्रम तर्फ पशुपन्छि उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि रु १० लाख विनियोजन गरेकी छु।
- पशुहरुमा लाग्ने बिभीन्न रोगहरु निदानका लागि भ्याक्सिनेशन कार्यक्रम, रेविज रोग नियन्त्रण, विभीन्न किसिमका रोगको लागि नमुना संकलन,प्रयोगशाला सञ्चालन,खोप सप्ताह,पशु स्वास्थ्य सेवा शीविर सञ्चालन, पशुहरुका लागि मिनरल व्लक वितरणका लागि रु १५ लाख बजेटको व्यवस्था गरेकी छु।

---

- केराको रेसाबाट खाम,नेपाली पेपर तथा सजावटका सामग्री वनाउने उद्योग स्थापनाका लागि **रु १५ लाख** बिनियोजन गरेकी छु।
- रोजगारी सृजना गर्नका लागि टायल मार्वल तथा पलम्वर तालिम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापन गरेकी छु।
- मेड्पामा आधारित नया उद्यमी सृजना तथा विकासका लागि **रु ८ लाख ६०** हजार बजेटको व्यवस्था गरेकी छु।
- उत्पादित वस्तुको संकलन,बितरण तथा वजारिकरण गर्न कोसेलि घर स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु।

---

- नगरपालिका भित्र रहेका बेरोजगार व्यक्तीहरुको तथ्यांक संकलन,अध्यावधिक तथा रोजगारी प्रवर्धन तथा व्यवस्थापन गर्न रु १० लाख विनियोजन गरेकी छु।

---

- नगरपालिका भित्र रहेका सहकारी संस्थाहरुको अनुगमन नियमन प्रवर्धन तथा क्षमता विकासका लागि **रु. ८ लाख** बजेटको व्यवस्था गरेकी छु।

---

- पर्यटन क्षेत्रको पहिचान,प्रचार प्रसार,प्रवर्धन तथा विकासका साथ साथै घोडाघोडी ताल क्षेत्रको व्युटिफिकेशनका लागि **रु. २० लाख** बिनियोजन गरेकी छु।

---

- भूमिहिन दलित,भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुको जग्गाको लगत संकलन,प्रशोधन तथा जग्गाधनि प्रमाणपुर्जा वितरणका लागि **रु ६५ लाख बजेटको** प्रवन्ध मिलाएकी छु।

---

- नगर अनुदान कोटामा शिक्षक व्यवस्थापन, वालविकास शिक्षक, विद्यालय कर्मचारी तथा सामुदायिक सिकाईकेन्द्रका सहजकर्ताकाहरुलागि तलव भत्ता र प्र.अ. प्रोत्साहन अनुदानमा रु ५ करोड ७ लाख १८ हजार ६७० बजेट बिनियोजन गरेकी छु ।
- आधारभुत तहका बिद्यालय व्यवस्थापन तथा परीक्षा सञ्चालन अनुदान लागि रु ४० लाख बजेट छुट्याएकी छु ।
- नगर स्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि रु १२ लाख बिनियोजन गरेकी छु ।
- नगर तथा जिल्ला स्तरीय अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि रु २० लाख बिनियोजन गरेकी छु ।
- नगर शिक्षा ऐन ,नियमावली स्थानीय पाठयक्रम,नगर शिक्षा योजना अध्यावधिक तथा छपाईका लागि रु ९ लाख बिनियोजन गरेकी छु ।
- अभिभावक शिक्षा कार्यक्रम, विद्यालय योग शिक्षा,मनोसामाजिक परामर्श तथा स्काउट तालिम असहाय टुहुरा वालवालिकाका लागि आवश्यक बजेटको प्रवन्ध मिलाएकि छु ।
- शिक्षक बैंक स्थापना,शिक्षक नियुक्ती,शिक्षक डायरी तथा शैक्षिक व्यवस्थापन खर्चका लागि आवश्यक बजेटको व्यवस्थापन गरेकी छु ।

---

- युवा तथा खेलकुद विकास कार्यक्रम र नगर प्रमुख कप खेलकुद प्रतियोगिता सञ्चालनका लागि **रु २५ लाख** बजेट विनियोजन गरेकी छु ।

---

- सामुदायिक महिला स्वास्थ्य स्वयम सेविकाहरुको मनोवल लाई उच्च राख्दै मासिक वैठक खाजा र मासिक रुपमा प्रदान गरिदै आएको यातायात खर्च रु १००० लाई निरन्तरता दिएकी छु ।
- खोप ढुवानी,स्वास्थ्य कर्मी फिल्ड भत्ता, विभीन्न स्वास्थ्य सम्वन्धी अन्तरकृया वैठक, मासिक तथा वार्षिक समिक्षाका कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।
- विद्यार्थीहरुको स्वास्थ्य परीक्षण,ग्रामिण अल्ट्रासाउण्ड, एस बि ए तालिम,क्षयरोग स्क्यानिङ शिविर,सिकलसेल एनिमिया रोग स्क्रिनिङ क्याम्प सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएकी छु ।
- कम तौलका नवजात शिशु तथा जोखिममा रहेका सुत्केरी महिलाहरुका लागि पोषण उपमेयर कोसेली कार्यक्रम र गर्भवती महिलाका लागि आयोडिन नुन वितरण गर्न आवश्यक बजेटको प्रवन्ध मिलाएकी छु ।
- स्वास्थ्य संस्थाहरुमा निशुल्क औषधी वितरणका लागि रु. ५५ लाख वजेट बिनियोजन गरेकी छु ।
- आधारभुत स्वास्थ्य सेवा केन्द्र हरुको कार्यालय सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था गरेकी छु ।

---

- व्यक्तिगत घटना दर्ता सप्ताह सञ्चालन, सामाजिक सुरक्षा प्रभावकारी रुपमा वितरण गर्न सरोकारवालासंग छलफल तथा अन्तर्कृया,तालिम,अनुगमन गर्न आवश्यक बजेट बिनियोजन गरेकी छु ।

---

- वालमैत्री नगरपालिका निर्माणका लागि आवश्यक कार्यक्रम सञ्चालन,वाल अधिकार समिति वैठक र अपांग समन्वय समिति वैठक र अपांग सहायता सामग्री वितरणका साथै विभिन्न दिवस मनाउनका लागि आवश्यक बजेटको प्रवन्ध मिलाएकी छु ।

- किशोरी,एकल महिला,द्वन्द पिडित,दलित,विपन्न, पिडित तथा हिंसामा परेका महिलाहरुलाई सचेतनामुलक कार्यक्रम, मनोसामाजिक समस्या भएका व्यक्तिहरुलाई मनोपरामर्श सहित सचेतनामुलक तथा लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान कार्यक्रम सञ्चालनका लागि  आवश्यक बजेट विनियोजन गरेकि छु ।

- वन वातावरण तथा विपद व्यवस्थापन कार्यका लागि रु २५ लाख विनियोजन गरेकी छु ।

- सूचना सञ्चार तथा प्रविधि तर्फ नेटवर्क सुदृढीकरण,सर्भर रिन्यु तथा मर्मत,सफ्टवेयर निर्माण,विधुतीय साक्षरता अभिमुखीकरण,ई-हाजिरि जडान,एक द्वार सेवा प्रवाह प्रणाली स्थापना र सञ्चालन लगायतका मागमा आधारित कार्य गर्न रु २५ लाख विनियोजन गरेकी छु ।

- १२ वटै वडाका मेलमिलापकर्ताको क्षमता विकास,भलमन्साहरुलाई मेलमिलापकर्ताको रुपमा विकास,मेलमिलापकेन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरेकी छु ।
- जन्तासंग उपप्रमुख , न्याय सम्वन्धी वडा तथा वस्ती स्तरमा सचेतना, न्यायीक समितीको अन्तरपालिका सिकाई आदान प्रदान कार्यक्रमका लागि आवश्यक बजेटको प्रवन्ध मिलाएकी छु ।

- नगरपालिकाको राजस्व लाई थप सुदृढीकरण गर्नका लागि आवश्यक कार्यक्रम गर्न बजेटको व्यवस्थापन गरेकी छु ।

- नगरपालिकाको Digital Base नगर प्रोफाईल अध्यावधिक तथा निर्माण,घर नम्वर व्यवस्थापन प्रणालीको निरन्तरता, राजस्व सुधार कार्ययोजना तर्जुमा, खानेपानी सरसफाई तथा स्वछता योजना तर्जुमा,नगरपालिकाको क्षमता विकास योजना तर्जुमा, जेसि अडिट, यातायात गुरु योजना निर्माण, भवन आचार संहिता निर्माण,आयोजना वैंक सञ्चालन, आवधिक योजना तर्जुमा र अध्यावधिक,मध्यमकालिन खर्च संरचना तर्जुमा र अध्यावधिक लगायतका  कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु ।
- नगर अस्पताल लाई थप प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन एंव व्यवस्थापनका लागि रु ८० लाख विनियोजन गरेकी छु ।
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी वनाउदै सुशासन कायम गर्न कर्मचारीको मनोवल उच्च पार्नका लागि आवश्यक वृत्ति विकासका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको प्रवन्ध मिलाएकी छु ।
- नगरपालिकाको दरवन्दी संरचना अनुसार दरवन्दी रहेको पदमा करारमा कार्यरत कर्मचारीहरुको सेवाको सुरक्षाका लागि सामाजिक सुरक्षा कोषमा आवद्ध  गर्न आवश्यक बजेटको व्यवस्था गरेकी छु ।
- समग्र नगरपालिकाको कार्यालय सञ्चालन तथा व्यवस्थापनका लागि  आवश्यक बजेटको व्यवस्था मिलाएकी छु ।

- नगरपालिकाको आवश्यकता अनुसार सडकहरुमा ग्रावेल,पर्खाल निर्माण,शौचालय निर्माण,कल्भर्ट निर्माण,सहकारी भवन निर्माण,अधुरो भवन निर्माण,अधुरो पर्खाल निर्माण,रेडक्रस भवन निर्माण कार्य लागि रु १ करोड २२ लाख विनियोजन गरेकी छु ।
- नगरपालिकामा शव वाहन खरिदका लागि २५ लाख विनियोजन गरेकी छु ।
- नगरपालिकाको अत्याआवश्यक संरचना निर्माणका लागि १ करोड ६५ लाख विनियोजन गरेकी छु ।

- क्याम्पस हरुको पूर्वाधार विकास तथा व्यवस्थापनका लागि २५ लाख विनियोजन गरेकी छु ।
- नगरपालिकाको बहुबर्षिय योजना तथा भूक्तानी दिन बाकि योजनाहरुका लागि रु ३ करोड को व्यवस्थापन गरेकी छु ।
- संघ,प्रदेश तथा विभिन्न विकास साझेदार संघ संस्थाहरु संग लागत साझेदारीका लागि रु १ करोड ५० लाखको प्रवन्ध मिलाएकी छु ।

**सभाध्यक्ष महोदय,**

**अब म वडा तर्फको विनियोजित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहन्छु ।**

**वडा न. १ को** -----------------------------------------------------------------

- पूर्वाधार विकास तर्फ बेलार पिपल चौतारा देखि रिङरोड सम्म कालोपत्रे गर्न रु. **१५ लाख** बिनियोजन गरेकी छु । साथै सडक निर्माण,सडक ग्रावेल,सडक मर्मत,कल्भर्ट निर्माण,वेलकोट र सितानगर खेलमैदान मर्मत, पर्खाल निर्माण,माटो पटानी, तटवन्धन, गौशाला निर्माण,मर्मत,ह्युमपाईप जडान,मठमन्दिर तथा मरुवा निर्माण,घेरवार,ट्रेविज निर्माण,अधुरा भवन निर्माण, कार्यालय गेट निर्माण, रामावि सुखड ट्रष्ट निर्माणको लागि **रु ६९ लाख १५ हजार** विनियोजन गरेकी छु ।
- सामाजिक विकास तर्फ कैलाली जिल्ला स्तरीय दोस्रो वडा अध्यक्ष कप फुटवल,खेलकुद सामग्री वितरण,खेलकुद कार्यक्रम सञ्चालन,भाषा प्रशिक्षण,अनिवार्य तथा निशुल्क शिक्षा,धार्मिक सास्कृतीक कार्यक्रम सञ्चालन, विपन्न तथा टुहुरा वालवालिका सहयोग,लागु औषध नियन्त्रण,सामाजिक कुप्रथाको अन्त्य,गुरुकुलमा फर्निसिङ,आधारभुत स्वास्थ्य केन्द्र अनुदान,खानेपानी,मानव अधिकार सम्वन्धी कार्यक्रम सञ्चालन लगायतका कार्यक्रममा **रु १० लाख ६५ हजार** विनियोजन गरेकी छु ।
- आर्थिक विकास अन्तर्गत जनकपुर सिचाई मर्मत र सुन्दरपुर सिचाई मर्मतका लागि रु १ लाख ५० हजार विनियोजन गरेकी छु ।
- वन वातावरण तथा विपद् व्यवस्थापनका लागि **रु ५० हजार** विनियोजन गरेकी छु ।
- कार्यालय सञ्चालन तथा व्यवस्थापन तर्फ **रु. ८ लाख २० हजार** गरेर वडा न. १ को लागि जम्मा रु १ करोड ५ लाख बिनियोजन गरेकी छु ।

**वडा न. २ को**--------------------------------------------------------------------

- पूर्वाधार विकास तर्फ बाटो स्तरोन्नती,सडक ग्रावेल,खेलमैदान मर्मत,विद्यालय गेट निर्माण,चौतारा निर्माण,शौचालय निर्माण,घेरवार,ह्युमपाईप जडान,मर्मत सम्भार लगायतका कार्यका लागि **रु ५२ लाख** विनियोजन गरेकी छु ।
- समाजिक विकास तर्फ एकल र पिडित महिलाका लागि सिप मुलक तालिम,सास्कृतिक कार्यक्रम, भाषा प्रशिक्षण,अनिवार्य तथा निशुल्क शिक्षा,वडा स्तरीय खेलकुद,बत्ती जडान,रुपान्तरण कक्षा, चौपाया व्यवस्थापन लगायतका कार्यक्रममा **रु ९ लाख ३० हजार** विनियोजन गरेकी छु ।
- आर्थिक विकास अन्तर्गत साना सिचाई बोरिङका लागि रु ४ लाख विनियोजन गरेकी छु ।
- कार्यालय सञ्चालन तथा व्यवस्थापन तर्फ **रु. ९ लाख ७० हजार** गरेर वडा न. २ को लागि जम्मा रु ७५ लाख बिनियोजन गरेकी छु ।

**वडा न. ३ को** -----------------------------------------------------------------------------

- पूर्वाधार विकास तर्फ बाटो ग्रावेल,ट्रस्ट निर्माण,मन्दिर तथा मरुवा घेरवार, भवनमा जस्तापाता, पर्खाल, खाल्डाखुल्डी पटानी,तटवन्धन, विद्यालय भवन मर्मत, गार्डेन निर्माण लगायतका कार्यका लागि **रु ४६ लाख २० हजार** विनियोजन गरेकी छु ।
- समाजिक विकास तर्फ दलित परिवार लाई बाजासेट, सिपमुलक तालिम, भाषा प्रशिक्षण,अनिवार्य तथा निशुल्क शिक्षा,खेलकुद, अनाथ टुहुरा गरिव बालबालिकाको अभिभाकत्व ग्रहण, भलमन्सा र स्वयमसेविका साईकल बितरण, जनचेतनामुलक कार्यक्रम,खानेपनी जडान, शबदाहको लागि दाउरा व्यवस्थापन, मनोपरामर्श लगायतका कार्यक्रममा **रु १६ लाख २५ हजार** विनियोजन गरेकी छु ।
- आर्थिक विकास अन्तर्गत बोरिङ्ग जडान र मिटर जडानका लागि रु ५ लाख ८० हजार विनियोजन गरेकी छु।
- कार्यालय सञ्चालन तथा व्यवस्थापन तर्फ **रु. ६ लाख ७५ हजार** गरेर वडा न. ३ को लागि जम्मा रु ७५ लाख बिनियोजन गरेकी छु ।

**वडा न. ४ को**------------------------------------------------------------

- पूर्वाधार विकास तर्फ विद्यालय भवनमा UPVC पाता जडान, बाटो ग्रावेल तथा स्तरउन्नती,चौतारा निर्माण, खाल्डाखुल्डी पटानी,भौतिक संरचना निर्माण तथा मर्मत लगायतका कार्यका लागि **रु ६३ लाख** विनियोजन गरेकी छु ।
- समाजिक विकास तर्फ घर धुरी लगत संकलन, लक्षित वर्ग सिप मुलक तालिम,कृषि सामग्री वितरण,युवा तथा खेलकुद, खानेपानी व्यवस्थापन, असहाय विपन्न टुहुरा अति विपन्न विद्यार्थिहरुका लागि शैक्षिक सामग्री वितरण,विधुत मिटर जडान,वत्ति विस्तार,पर्यटन विस्तार,स्काउट सञ्चालन,अनिवार्य तथा निशुल्क शिक्षा लगायतका कार्यक्रममा **रु २१ लाख ३० हजार** विनियोजन गरेकी छु ।
- आर्थिक विकास अन्तर्गत कृषि सामग्री वितरणका लागि रु ७ लाख विनियोजन गरेकी छु ।
- वन वातावरण तथा विपद् व्यवस्थापनका लागि **रु १ लाख** विनियोजन गरेकी छु ।
- कार्यालय सञ्चालन तथा व्यवस्थापन तर्फ **रु. ७ लाख ७० हजार** गरेर वडा न. ४ को लागि जम्मा रु १ करोड बिनियोजन गरेकी छु ।

**वडा न. ५ को** ------------------------------------------------------------

- पूर्वाधार विकास तर्फ लागत साझेदारीमा भवन निर्माण,बाटो ग्रावेल,ह्युमपाईप जडान,कल्भर्ट निर्माण,बिद्युत लाईन विस्तारका लागि **रु.५२ लाख** विनियोजन गरेकी छु ।
- समाजिक विकास तर्फ खेलमैदान निर्माण,विद्यालय घेरवार तथा मर्मत,अनिवार्य तथा निशुल्क शिक्षा,मन्दिर निर्माण तथा मर्मत,जापनिज भाषा कक्षा सञ्चालन,छात्रवृती,शैक्षिक सामग्री वितरण, पावर टिलर मर्मत तालिम लगायतका कार्यक्रममा **रु.५ लाख ५० हजार** विनियोजन गरेकी छु ।
- आर्थिक विकास अन्तर्गत वोरिङ निर्माण र सिचाई मिटर वितरणका लागि रु ५ लाख ५० हजार विनियोजन गरेकी छु ।
- वन वातावरण तथा विपद् व्यवस्थापनका लागि **रु ५० हजार** विनियोजन गरेकी छु ।

- कार्यालय सञ्चालन तथा व्यवस्थापन तर्फ **रु. १६ लाख ५० हजार** गरेर वडा न. ५ को लागि जम्मा रु ८० लाख बिनियोजन गरेकी छु ।

**वडा न. ६ को**-------------------------------------------------------------------

- पूर्वाधार विकास तर्फ बाटो ग्रावेल,तटवन्धन,कल्भर्ट,भवन निर्माण होमपाईप जडान लगायतका कार्य लागि **रु २६ लाख २५ हजार** विनियोजन गरेकी छु ।
- समाजिक विकास तर्फ मठमन्दिर निर्माण,वडा स्तरिय खेलकुद सञ्चालन,विद्यालय व्यवस्थापन,अनिवार्य तथा निशुल्क शिक्षा, पञ्चेवाजा खरिद,खानेपानी जडान,विद्यालय व्यवस्थापन लगायतका कार्यक्रममा **रु२० लाख ७५ हजार** विनियोजन गरेकी छु ।
- आर्थिक विकास अन्तर्गत बोरिङ जडान,बाध निर्माण,हाटवजार व्यवस्थापन,कृषि सामग्री वितरण लागि रु १८ लाख ७५ हजार विनियोजन गरेकी छु ।
- वन वातावरण तथा विपद् व्यवस्थापनका लागि **रु ५० हजार** विनियोजन गरेकी छु ।
- कार्यालय सञ्चालन तथा व्यवस्थापन तर्फ **रु. ८ लाख ७५ हजार** गरेर वडा न. ६ को लागि जम्मा रु ७५ लाख बिनियोजन गरेकी छु ।

**वडा न. ७ को** ----------------------------------------------------------------------------

- पूर्वाधार विकास तर्फ प्रेम बहादुर चौधरीको घर देखि निरुता चौधरीको घर सम्म र सग्रामको घर देखि तेतरामको घर सम्मको सडक कालोपत्रेका लागि रु. २० लाख विनियोजन गरेकि छु । त्यसै गरी ह्युमपाईप जडान,समुदायिक भवन निर्माण,सडक ग्रावेल,बाटो स्तरोन्नतीका लागि रु. ३१ लाख बजेटको व्यवस्था गरेकी छु ।
- समाजिक विकास तर्फ वालवालिका लाई प्रोत्साहन, छाडा गाई गोरु व्यवस्थापन, सास्कृतीक चाडपर्व,सडक बत्ति जडान, भवन व्यवस्थापन, गार्डेन व्यवस्थापन तथा सरसफाई लगायतका कार्यक्रममा **रु १० लाख ८० हजार** विनियोजन गरेकी छु ।
- आर्थिक विकास अन्तर्गत वोरिङ जडान,टि ओ टी मिटर जडानका लागि रु ३लाख ७० हजार विनियोजन गरेकी छु ।
- कार्यालय सञ्चालन तथा व्यवस्थापन तर्फ **रु. ९ लाख ५० हजार** गरेर वडा न. ७ को लागि जम्मा रु ७५ लाख बिनियोजन गरेकी छु ।

**वडा न. ८ को** --------------------------------------------------------------

- पूर्वाधार विकास तर्फ हर्क टिमालको गर देखि जरही सम्मको बाटो पानी पिचका लागि रु १० लाख विनियोजन गरेकी छु ।अधुरो वाटो निर्माण,बाटो ग्रावेल,मर्मत सम्भार,भवन घेरवार,बाटो स्तरोउन्नती,नल्का जडान,मन्दिर निर्माण लगायतका कार्यका लागि **रु ५१ लाख** विनियोजन गरेकी छु ।
- समाजिक विकास तर्फ खानेपानी जडान,सरसफाई,खेलकुद,स्काउट,सास्कृतिक कार्यक्रम,विद्यालय व्यवस्थापन,लाईट जडान,योग शिविर सञ्चालन,अनिवार्य तथा निशुल्क शिक्षा लगायतका कार्यक्रममा **रु२७ लाख ५० हजार** विनियोजन गरेकी छु ।
- आर्थिक विकास अन्तर्गत सिप मुलक कार्यक्रम सञ्चालन, साझेदारीमा टुवेल जडानका लागि रु ४ लाख ५० हजार विनियोजन गरेकी छु ।

- कार्यालय सञ्चालन तथा व्यवस्थापन तर्फ **रु. १२ लाख ५० हजार** गेरर वडा न. ८ को लागि जम्मा रु ९५ लाख बिनियोजन गरेकी छु ।

**वडा न. ९ को** ---------------------------------------------------------------------------

- पूर्वाधार विकास तर्फ शिबगंगा नदिमा कल्भर्ट निर्माणका लागि रु. १८ लाख बिनियोजन गरेकी छु । पुल निर्माण,कल्भर्ट निर्माण,मन्दिर निर्माण,पर्खाल निर्माण, तटवन्धन, सामाजिक घर निर्माण, घेरवार, ठक्कर निर्माण, विद्यालय मर्मत, विद्यालय फलसिलिङ, ह्युमपाईप जडान, पार्किङ स्थल,मर्मत सम्भार,सडक ग्रावेल लगायतका कार्यका लागि **रु.४७ लाख** विनियोजन गरेकी छु ।
- समाजिक विकास तर्फ सार्वजनिक जग्गा घेरवार,सिपमुलक तालिम सञ्चालन,आधारभुत स्वास्थ्य केन्द्र व्यवस्थापन, सामुदायिक पशु व्यवस्थापन,सास्कृतीक पर्व,शैक्षिक सामग्री वितरण,अनिवार्य तथा निशुल्क शिक्षा,खेलकुद सञ्चालन, स्काउट व्यवस्थापन, योगशिविर व्यवस्थापन,विद्यालय दिवा खाजा सामग्री लगायतका कार्यक्रममा **रु.८ लाख ९० हजार** विनियोजन गरेकी छु ।
- आर्थिक विकास अन्तर्गत वोरिङ निर्माण र गोदनी कुलो मर्मत कार्यका लागि रु ६ लाख विनियोजन गरेकी छु।
- कार्यालय सञ्चालन तथा व्यवस्थापन तर्फ **रु. ८ लाख १० हजार** गेरर वडा न. ९ को लागि जम्मा रु ९० लाख बिनियोजन गरेकी छु ।

वडा न. १० को----------------------------------------------------------

- पूर्वाधार विकास तर्फ सडकमा माटो पटानी,ग्रावेल,खुल्ला व्यायामशाला निर्माण,ह्युममपाईप जडान,मन्दिर तथा मरुवा घेरवार, निर्माण, विद्यालय व्यवस्थापन तथा मर्मत सम्भार,गौशाला व्यवस्थापन लगायतका कार्यका लागि **रु.६४ लाख ११ हजार** विनियोजन गरेकी छु ।
- समाजिक विकास तर्फ वालमैत्री वडा घोषणा,खेलकुद सञ्चालन तथा सामग्री खरिद,स्वास्थ्य शीविर सञ्चालन,घर नम्वरिङ, शैक्षिक सामग्री वितरण, स्काउट कार्यक्रम सञ्चालन,अनिवार्य तथा निशुल्क शिक्षा,भलमन्सा र स्वयमसेविका संग अन्तरकृया, लगायतका कार्यक्रममा **रु.१४ लाख** विनियोजन गरेकी छु ।
- आर्थिक विकास अन्तर्गत कार ड्राईभीङ तालिम सञ्चालन कार्यका लागि रु ३ लाख ७५ हजार विनियोजन गरेकी छु।
- वन वातावरण तथा विपद व्यवस्थापन तर्फ रु.१ लाख ५० हजार विनियोजन गरेकी छु ।
- कार्यालय सञ्चालन तथा व्यवस्थापन तर्फ **रु. ११ लाख ६४ हजार** गेरर वडा न. १० को लागि जम्मा रु ९५ लाख बिनियोजन गरेकी छु ।

**वडा न. ११ को** -------------------------------------------------------------------

- आर्थिक विकास तर्फ अनुदानमा कृषि मोटर बितरणकार्यका लागि रु ४ लाख विनियोजन गरेकी छु।
- समाजिक विकास तर्फ शैक्षिक सामग्री वितरण,खेलकुद सामग्री सहयोग,वालविकास कक्षाका लागि सामग्री सहयोग, भलमन्सा लाई ट्रली बाजा सहयोग, विद्यालय व्यवस्थापन, विद्यालयमा खानेपानी व्यवस्थापन, सरुवा रोग नियन्त्रणका कार्यक्रम तथा सरसफाई,स्काउट दल कार्यक्रम सञ्चालन, सास्कृतीक कार्यक्रम लगायतका कार्यक्रममा **रु.१० लाख ७५ हजार** विनियोजन गरेकी छु ।

- पूर्वाधार विकास तर्फ  मरुवा देखि राम जानकी मन्दिर जाने सडक कालोपत्रे कार्यका लागि रु. १५ लाख विनियोजन गरेकी छु। त्यसै गरी सडक ग्रावेल,भवन निर्माण,मन्दिर निर्माण ,अटिजन नल्का निर्माण, शौचालय निर्माण,खानेपानी जडान लगायतका कार्यका लागि **रु.२२ लाख ५० हजार** विनियोजन गरेकी छु ।
- वन वातावरण तथा विपद व्यवस्थापन तर्फ रु. ५० हजार विनियोजन गरेकी छु ।
- कार्यालय सञ्चालन तथा व्यवस्थापन तर्फ **रु. २२ लाख २५ हजार** गरेर वडा न. ११ को लागि जम्मा रु  ७५ लाख बिनियोजन गरेकी छु ।

**वडा न. १२ को** --------------------------------------------------------------

- पूर्वाधार विकास तर्फ बाटो ग्रावेल,माटो पटानी,बाटो स्तरोउन्नती,कल्भर्ट निर्माण, शौचालय निर्माण, नाली सफाई,ह्युमपाईप जडान, मन्दिर निर्माण,घेरवार लगायतका कार्यका लागि **रु ४७ लाख ९० हजार** विनियोजन गरेकी छु ।
- समाजिक विकास तर्फ योजना व्यवस्थापन,सामग्री वितरण, खेलकुद सञ्चालन, गौशाला व्यवस्थापन, स्काउट सञ्चालन, अनिवार्य तथा निशुल्क शिक्षा, मन्दिर व्यवस्थापन,खानेपनी जडान, सिपमुलक तालिम सञ्चालन लगायतका कार्यक्रममा **रु १४ लाख ६५ हजार** विनियोजन गरेकी छु ।
- आर्थिक विकास अन्तर्गत बोरिङ तथा मिटर जडान लागि रु ७ लाख  विनियोजन गरेकी छु ।
- कार्यालय सञ्चालन तथा व्यवस्थापन तर्फ **रु. १० लाख ४५ हजार** गरेर वडा न. १२ को लागि जम्मा रु  ७७ लाख बिनियोजन गरेकी छु ।

**सभाध्यक्ष महोदय,**

- चालु आर्थिक बर्षमा  बजेट विनियोजन भई बजेटको सुनिश्चितता हुन नसकेका तर कार्यान्यवन नगरि नहुने योजना तथा कार्यक्रमहरुलाई आर्थिक बर्ष २०८२-०८३ को बजेटमा प्राथमिकिकरण गरी समेट्ने प्रयास गरेको छु ।साथै चालु आर्थिक बर्षमा निर्माण कार्य सम्पन्न भई भुक्तानी दिन बाकि रहने योजना तथा कार्यक्रमहरुका लागि आवश्यक बजेटको व्यवस्थापन गरेकि छु ।
- संघीय सरकार,प्रदेश सरकार  लगायत अन्य विकास साझेदार संग संस्थाहरु संग आवश्यकता अनुसार साझेदारिमा योजना तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको प्रवन्ध मिलाएकी छु।

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक बर्ष २०८२-८३ को लागि प्रस्तुत गरिएको योजना र नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि  स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- आ.व. २०८२-०८३ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कुल रु.१ अर्व १ करोड ४० लाख २२ हजारको बजेट विनियोजन गरेकि छु ।
- विनियोजन गरिएको बजेटको खर्च वेहोर्ने स्रोत मध्ये

| | | | |
|---|---|---|---|
| संघीय | समानिकरण अनुदान तर्फ | १९०३००००० | १९ करोड ३ लाख |

| | | | |
|---|---|---|---|
| संघीय | समपुरक अनुदान तर्फ | २२५००००० | २ करोड २५ लाख |
| संघीय | विशेष अनुदान तर्फ | २७४००००० | २ करोड ७४ लाख |
| संघीय | शशर्त अनुदान तर्फ | ३९०३००००० | ३९ करोड ३ लाख |
| संघीय | राजस्व वाडफाड तर्फ | १७३६६१०३८ | १७ करोड ३६ लाख ६१ हजार ३८ |
| प्रदेश | समानिकरण अनुदान तर्फ | १७९८५००० | १ करोड ७९ लाख ८५ हजार |
| प्रदेश | समपुरक अनुदान तर्फ | २४४००००० | २ करोड ४४ लाख |
| प्रदेश | विशेष अनुदान तर्फ | ७५००००० | ७५ लाख |
| प्रदेश | शशर्त अनुदान तर्फ | ६०००००० | ६० लाख |
| प्रदेश | राजस्व वाडफाड तर्फ | ५४४३००० | ५४ लाख ४३ हजार |
| नगरपालिका | आन्तरीक स्रोत तर्फ | **१४८१३२९६२** | **१४ करोड ८१ लाख ३२ हजार ९६२** |
| **प्राप्त हुने अनुमान गरिएको छ।**<br>यस नगरपालिकामा सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम मार्फत प्राप्त हुने सामाजिक सुरक्षा भत्ता रकम समावेश नगरिएको जानकारी गराईन्छ। | | | |

**सभाध्यक्ष महोदय,**

करका दरहरू समेत उल्लेख भएको आर्थिक विधेयक, २०८२ तथा खर्चलाई व्यवस्थित गर्न बनेको विनियोजन विधेयक, २०८२ छलफल र स्वीकृतीको लागि यस सम्मानित सभामा पेश गरेकी छु।

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आ.व. २०८२/०८३ का राजश्व नीति प्रस्तुत गर्न चाहन्छु।**

- नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार क्षेत्र भित्र रही कूल बजेटमा आन्तरिक आम्दानीको अंश वृद्धि गर्दै लैजाने गरी चालु आवको करको दर यथावत राखी करको दायराको व्यापक विस्तार र उपयोग गर्ने नीति लिएकी छु।
- आन्तरिक राजश्वका दायरा विस्तार गरी राजश्व चुहावट नियन्त्रण गर्न सम्पूर्ण वडा कार्यालयहरू र नगरपालिका केन्द्रवाट समेत अनिवार्य रूपमा स्थानीय संचित कोष व्यवस्थापन प्रणालीमा थप भएको राजश्व मोड्युल लागु गरी नियमित राजश्व संकलन गर्ने व्यवस्था मिलाइएको छ।
- राजश्व सुधारका लागि राजश्व सुधार कार्य योजना बनाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ।
- ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर, विज्ञापन कर, मनोरञ्जन कर फोहोरमैला व्यवस्थापन आदिको दर तथा दायरा विज्ञ समूहबाट अध्ययन गराई राजश्व संकलनलाई थप प्रभावकारी बनाईने छ।
- नगरपालिका क्षेत्र भित्रका व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यापार व्यवसायलाई करको दायरामा ल्याईने छ।

- यस नगरपालिका क्षेत्र भित्र उद्योग तथा व्यवसाय सञ्चालन गरी नगरपालिकालाई सवै भन्दा वढि कर तिर्ने उद्योगी एंव व्यवसायीलाई सम्मान गर्दै गरिनेछ।
- करदाता शिक्षा,कर सप्ताह कार्यक्रम,डिजिटल कर प्रणाली र वित्तिय साक्षरता अभियान मार्फत आम नागरीक र व्यवसायीहरुमा करको महत्वबारे जनचेतना बृद्धि गरीनेछ।
- विद्यमान राजश्व नीति, कार्यक्रम, आर्थिक ऐन, करको दररेट, राजश्व सङ्कलन, राजश्व प्रशासन संस्थागत व्यवस्था, आय श्रोतहरूको सम्भावना र यथार्य सङ्कलनको फरक पहिचान, समीक्षा, विश्लेषण गरी सुधार गर्दै लगिने छ।

**सभाध्यक्ष महोदय,**

प्रस्तुत नीति तथा कार्यक्रम र बजेटबाट नगरवासिका आधारभुत आवश्यकताहरू परिपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, नगरपालिकाका उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट नगरवासिहरुको आर्थिक विकास हुने,सामाजिक सास्कृतीक रुपान्तरण हुने, दिगो एंव भरपर्दो पूर्वाधार विकास हुने,विपद जोखिम न्यूनिकरण हुने एंव सुशासन कायम भई नगरपालिकाको समग्र बिकास हुने विश्वास लिएकी छु।

## सभाध्यक्ष महोदय,

मैले यस घोडाघोडी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२-०८३ को बार्षिक योजना तथा कार्यक्रम नागरिकको आवश्यकता, माग, चाहना, सन्तुलित विकासको अवधारणा, सुशासन कायम र संस्थागत सुधार समेत लाई मध्यनजर गरि स्रोत साधनको प्रभावकारी वितरण गर्दै रु.१ अर्व १ करोड ४० लाख २२ हजारको **व्यय अनुमान** प्रस्तुत गरेको छु। प्रस्तुत योजना तथा कार्यक्रमहरु प्रभावकारी ढंगले कार्यान्वयन गर्न गराउन सवैले आ-आफ्नो ढंगवाट सहयोग, सहकार्य र समन्वय गर्नु हुनेछ भन्ने अपेक्षा लिई योजना तथा कार्यक्रम स्वीकृतीका लागि यस सम्मानित सभामा पेश गर्दछु।

अन्तमा, आगामी आ.व.२०८२-०८३ को बजेट तथा कार्यक्रम तर्जुमा गर्न रचनात्मक सुझाव,सल्लाह प्रदान गरि सहयोग गर्नु हुने नगर प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्षज्यूहरु,कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक एंव सदस्य ज्यूहरु,नगरसभा सदस्य ज्यूहरु,नगरपालिकाका कर्मचारी मित्रहरु,राजनीतिक दलका प्रतिनिधि ज्यूहरु,नागरिक समाजका व्यक्तित्वहरु, विकास साझेदारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, पत्रकार ज्यूहरु लगायत सम्पूर्ण घाघोडी नगरपालिकावासीहरु लाई हार्दिक धन्यवाद दिन चाहन्छु।

**हार्दिक धन्यबाद**

**नमस्कार।।।**

गुलिया कुमारी चौधरी

नगर उपप्रमुख

**मितिः२०८२ असार १०**